## मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको
## एघारौँ वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरू

### १. वैधानिक सभा :

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. को मिति २०८०/०९/२३ गते बसेको सञ्चालक समितिको १५२ औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीबमोजिम संस्थाको एघारौँ वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सुमित बाबु खत्रीज्यूको अध्यक्षतामा निम्नलिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल एवं निर्णय भई देहायबमोजिम सम्पन्न भयो ।

मिति : २०८० माघ २६ गते शुक्रबार ।
समय : बिहान ११:३० बजे प्रारम्भ भई दिउँसो १:३० बजे समापन ।
स्थान : सिद्धार्थ होटल वाटर टावर, विदुर -४, बट्टार, नुवाकोटको सभा कक्ष ।

### २. उपस्थिति :

(क) सञ्चालकहरूको उपस्थिति :

| क्र.सं. | विद्यमान सञ्चालकहरूको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर कित्ता |
|---|---|---|---|---|
| १ | श्री सुमित बाबु खत्री | अध्यक्ष | सिटिजन्स बैंक इन्टरनेसनल लि., नारायणहिटी पथ, काठमाडौँ | ९,१०,८०० |
| २ | श्री कल्याण बिक्रम पाँण्डे | सञ्चालक | ग्लोबल आइएमई बैंक लि., कमलादी, काठमाडौँ | १८,४८,००० |
| ३ | श्री नेपाल भुषण श्रेष्ठ | सञ्चालक | प्राइम कमर्सियल बैंक लि., कमलपोखरी, काठमाडौँ | ९,२४,००० |
| ४ | श्री सजना मानन्धर | सञ्चालक | कुमारी बैंक लि., नक्साल, काठमाडौँ | ९,२४,००० |
| ५ | श्री बद्री प्रसाद पुडासैनी | सञ्चालक | सर्वसाधारण समूह | ६८० |
| ६ | श्री ज्ञानुकृष्ण अधिकारी | सञ्चालक | सर्वसाधारण समूह | ४०१ |

MERO MICROFINANCE BITTIYA SANSTHA LTD.
Estd. 2069
CORPORATE OFFICE, BATTAR, NUWAKOT

(ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :

| क्र.सं. | अन्य पदाधिकारी एवं पर्यवेक्षकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री रामहरि दाहाल | प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., बट्टार, नुवाकोट |
| २ | श्री नबराज दाहाल | नायव प्रमुख कार्यकारी अधिकृत | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., बट्टार, नुवाकोट |

(ग) शेयरधनीहरूको उपस्थिति विवरण :

वित्तीय संस्थाको कुल शेयरधनी संख्या यस प्रकार रहेको छ ।

संस्थापक शेयरधनीको संख्या : ९७ (सन्तानब्बे)
सर्वसाधारण शेयरधनीको संख्या : ५४,७८५ (चौवन्न हजार सात सय पचासी) रहेकोमा सभामा निम्नबमोजिम उपस्थिति रह्यो ।

| बिक्री भएको कूल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा |
|---|---|---|---|---|---|
| १,३२,००,००० | ९१,६०,८०० | ४०,३९,२०० | ९ | २९ | ३८ |

## ३. सभाको वैधानिकता :

(क) सभाको बारेमा सार्वजनिक सूचना :

कम्पनी ऐन २०६३ को दफा ६७(२) र कम्पनीको नियमावलीको नियम ४(३) बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरूको जानकारीको लागि मितिः २०८० पौष २४ गते र २५ गते राष्ट्रिय दैनिक पत्रिका “कारोबार” मा प्रकाशित गरिएको र मिति २०८०/१०/०४ गतेसम्म कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनी महानुभावहरूलाई आ.व. २०७९/८० को वार्षिक प्रतिवेदनका साथ सभाको सूचना, सभाको प्रवेशपत्र तथा प्रोक्सी फारामहरू यस संस्थाको Website मार्फत सार्वजनिक गरिएको थियो भन्ने ब्यहोरा कम्पनी सचिव श्री रामहरि दाहालबाट जानकारी गराइयो ।

MERO MICROFINANCE BITTIYA SANSTHA LTD. Estd. 2069 CORPORATE OFFICE, BATTAR, NUWAKOT

(ख) गणपूरक संख्या :

यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०८० माघ ०४ मा कायम शेयरधनीहरू तथा उनीहरूले लिएको शेयरको विवरण यस प्रकार रहेको थियो ।

| क्र.सं. | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरू | ९७ | ९१,६०,८०० | |
| २ | सर्वसाधारण शेयरधनीहरू | ५४,७८५ | ४०,३९,२०० | |
| | जम्मा | ५४,८८२ | १,३२,००,००० | |

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपूरक संख्या (कम्पनीको शेयरधनीहरू स्वयं वा प्रतिनिधिमार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको साधारण शेयरहरूको संख्या) देहायबमोजिम रहेको ब्यहोरा कम्पनी सचिव श्री रामहरि दाहालबाट अवगत भयो र उपस्थित शेयरधनीहरूले उपरोक्त ब्यहोरा जानकारी लिँदै सभा कानुनबमोजिम बोलाइएको हुँदा पूर्वसूचित प्रस्तावहरूमा छलफल गर्न मञ्जुर गर्नुभयो ।

| बिक्री भएको कुल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १,३२,००,००० | ९१,६०,८०० | ४०,३९,२०० | ७८,६३,१०८ | २४,०९६ | ७८,८७,२०४ | ५९.७५ |

४. सभामा प्रस्तुत छलफलका विषयहरू :

शेयरधनीहरूको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरूलाई वितरण गरेको आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरिएबमोजिम यस वार्षिक साधारण सभामा छलफलका विषयहरू देहायबमोजिम रहेका थिए ।

(क) सामान्य प्रस्तावहरू

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा मिति २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने ।



MERO MICROFINANCE BITTIYA SANSTHA LTD. CORPORATE OFFICE, BATTAR, NUWAKOT Estd. 2069

३. लेखापरीक्षण समितिको सिफारिसबमोजिम आर्थिक वर्ष २०८०/८१ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) विशेष प्रस्तावहरू

१. हाल कायम रहेको पूँजी संरचना संस्थापक सेयरधनीको तर्फबाट ६९.४० प्रतिशत र सर्वसाधारण सेयरधनीको तर्फबाट ३०.६० प्रतिशत रहेकोमा सो सेयर स्वामित्व परिवर्तन गरी संस्थापक सेयरधनीको तर्फबाट ५९.४० प्रतिशत र सर्वसाधारण सेयरधनीको तर्फबाट ४०.६० प्रतिशत कायम गर्ने ।

२. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (ङ) र (च) मा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोहीबमोजिम गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

(ग) विविध ।

## ५. सभाको सभापतित्व तथा उद्घाटन :

यस वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पूरा भएकोले कम्पनी ऐन २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री सुमित बाबु खत्रीज्यूलाई सभाको सभापतित्व गर्न अनुरोध गरियो र त्यसै अनुरूप उहाँले सभाको सभापतित्व गर्नु भयो । तत्पश्चात् सभापति महोदयले पानसमा बत्ती बाली सभाको उद्घाटन गर्दै सभाको कार्यक्रमअघि बढाउनुभयो ।

## ६. स्वागत मन्तव्य :

सभापतिज्यूको अनुमति लिई संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री रामहरि दाहालले सभामा उपस्थित सञ्चालक समितिका सदस्य, शेयरधनी महानुभावहरू एवं अन्य आमन्त्रित महानुभावहरूलाई हार्दिक स्वागत गर्नुभयो ।

## ७. एघारौं वार्षिक प्रतिवेदन प्रस्तुत :

सभाको कामकारबाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री सुमित बाबु खत्रीज्यूले शेयरधनीहरूलाई सम्बोधन तथा स्वागत गर्दै सञ्चालक समितिको वार्षिक प्रतिवेदन पढेर सुनाउनुभयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा मिति २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण साधारण सभा समक्ष छलफल तथा निर्णयको रूपमा पारित गर्नका लागि प्रस्तुत गर्नुभयो । आ.व. २०७९/८० मा संस्थाले गरेको प्रगति तथा आ.व.



METRO MICROFINANCE BITTIYA SANSTHA LTD. Estd. 2069 CORPORATE OFFICE, GATTAR, NUWAKOT

२०८०/८१ को भावी योजना तथा अन्य कार्यक्रमहरूका बारेमा विवरणहरू प्रस्तुत गर्नुभयो । त्यसका साथै अन्त्यमा धन्यवाद ज्ञापन गर्नुहुँदै शेयरधनीहरूको तर्फबाट कुनै जिज्ञासा तथा प्रतिक्रिया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नुभयो ।

८. साधारण सभामा उठेका जिज्ञासा एवं प्रत्युत्तर :

(क) सर्वसाधारण शेयरधनी श्री डमरु बल्लभ घिमिरेज्यूले हाल लघुवित्त वित्तीय संस्थामा देखा परेको प्रतिकुल अवस्थामा समेत संस्था मजबुत बनाएर लगेकोमा संस्थाको व्यवस्थापन र सञ्चालक समितिलाई धन्यवाद व्यक्त गर्नु भयो । संस्थाको लाभांश दिने क्षमता हुँदाहुँदै पनि संस्था दरिलो र दीगोपनाका लागि नाफालाई सञ्चितिमै राखेकाले सो कुराको समेत प्रशंसा गर्नु भयो । वित्तीय संस्थाबाट ऋण लिएका ग्राहक सदस्यहरूको जीवन परिवर्तनको कथा, विगत ५ वर्ष देखिको संस्थाको प्रगति विवरण आगामि दिनमा वार्षिक प्रतिवेदनमा उल्लेख गर्न अनुरोध गर्दै सम्पूर्ण पूर्व सञ्चालक, वर्तमान सञ्चालक र व्यवस्थापनलाई हार्दिक धन्यवाद व्यक्त गर्नु भयो ।

(ख) सर्वसाधारण शेयरधनी श्री उत्तम पाठकज्यूले लघुवित्त वित्तीय संस्थाले विगतमा स–साना पूँजी ग्रामीण क्षेत्रमा परिचालन गरेर त्यहाँका जनतालाई कति सहज बनाइदिएको थियो तर हाल आएर केही व्यक्तिले यस्तो काम गर्ने संस्थालाई सामन्तीको रुपमा व्याख्या गरे जुन सरासर गतल हो, भन्नु भयो । लघुवित्त संस्थाले आ.व. २०७९/८० मा लिएको ब्याजदर बाणिज्य बैंककोभन्दा पनि सस्तो रहेको ब्यहोरा समेत व्यक्त गर्नुभयो । साथै यस वित्तीय संस्थाले लघुबीमालाई समेत सँगसँगै लैजान सुझाव दिनु भयो । वित्तीय संस्थाको संस्थागत सुशासन राम्रो रहेको ब्यहोराको जानकारी दिँदै साधारण सभाको सफलताको शुभ कामना दिनु भयो ।

(ग) सर्वसाधारण शेयरधनी श्री दिपक प्रधानले संस्थाले यस वर्ष कुनै लाभांश नपाएकोमा दुःख व्यक्त गर्नु भयो । लाभांश किन पाउन नसकेको ? साथै आगामी वर्ष यस वर्षको समेत नाफा जोडेर बम्पर प्रतिफल दिन अनुरोध गर्नु भयो । व्यवसाय विस्तार गर्न साथै नोक्सानमा रहेको शाखाहरू बन्द गर्ने हो कि ? त्यस तर्फ ध्यान दिन अनुरोध गर्नु भयो । अन्य लघुवित्त वित्तीय संस्थाले कसरी नाफा कमाएका छन् सो समेत विश्लेषण गर्न, कर्मचारीहरूलाई तालिम दिएर सक्षम बनाउन साथै ऋणीहरूको बीमा गर्न सुझाव प्रदान गर्दै सभाको सफलताको शुभकामना दिनु भयो ।

शेयरधनीका प्रतिनिधिले राख्नुभएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका सभापतिले देहायबमोजिमको जवाफ दिनुभयो ।

सर्वप्रथम, काठमाडौँबाट यस साधारण सभामा सहभागी हुन आउनु भएकोमा तीनै जना वक्ताहरूलाई हार्दिक धन्यवाद दिनु भयो ।

सर्वसाधारण शेयरधनी श्री डमरु बल्लभ घिमिरेज्यूले संस्थाको प्रशंसाको लागि हार्दिक धन्यवाद दिँदै वित्तीय संस्थाको करिब ९४ हजार ऋणी सदस्य रहेकामा पक्कै पनि धेरै जनाको प्रगतिको कथा भएको हुनाले आगामी दिनमा केही उत्कृष्ट ऋणीहरूको जीवन परिवर्तनको कथा वार्षिक प्रतिवेदनमा उल्लेख गर्ने जानकारी दिनु भयो ।



MERO MICROFINANCE BITTIYA SANSTHA LTD.
Estd. 2069
CORPORATE OFFICE, BATTAR, NUWAKOT

सर्वसाधारण शेयरधनी श्री उत्तम पाठकलाई संस्थाको सुशासन नै हाम्रो पहिलो कार्य हो, जुन निरन्तर चलिरहन्छ भन्नु भयो । साथै वित्तीय संस्थाले विभिन्न बीमा कम्पनीहरूसँग सहकार्य गरेर लघुबीमा कार्यक्रम सञ्चालन गरिरहेको ब्यहोरा समेत जानकारी दिनु भयो । लघुवित्त वित्तीय संस्थाको नियमाकीय व्यवस्थाका कारणले १३ प्रतिशत सम्मको ब्याजमा कर्जा लिएर १५ प्रतिशतमै लगानी गर्नु परेको ब्यहोरा समेत जानकारी दिनु भयो ।

सर्वसाधारण शेयरधनी श्री दिपक प्रधानलाई विगतको वर्षमा वित्तीय संस्थाले लिने ब्याजदर र तिर्ने ब्याजदरमा धेरै फरक नभएको साथै कर्जा नोक्सानी व्यवस्थामा ठुलो रकम छुट्याएकाले नाफा कम भएको हो, तर यस वर्ष वित्तीय संस्थाले तिर्ने ब्याजदर केही सस्तो हुदै गएको र कर्जा रकम समेत विस्तारै असुली हुँदै गएकाले चालु आ.व. को ६ महिनामा नै राम्रो नाफा भै सकेको र अर्को वर्ष पक्कै पनि शेयरधनीको हात खाली नहुनेमा विश्वास दिलाउनु भयो । साथै विगतको वर्षहरूमा वित्तीय संस्थाले राम्रै लाभांश दिइसकेको ब्यहोरा समेत जानकारी गराउनु भयो । व्यवसाय विस्तार गर्न नियमकीय प्रावधानले केही समस्या रहेको भएतापनि सम्भावना भएको स्थानहरूमा शाखा विस्तार भै रहेको, शाखा कार्यालयहरूको वित्तीय विवरण विश्लेषण हुने गरेको, कर्मचारीहरुलाई वार्षिक तालिम प्रदान गरिरहेको, अन्य लघुवित्त संस्थाले कसरी नाफा कमाएभन्दा पनि नियामकीय प्रावधान भित्र रहेर संस्थागत सुशासन कायम हुने गरी कसरी नाफा कमाउन सकिन्छ ? भनेर सँधै सञ्चालक समितिको चासोको विषय रहेको ब्यहोरा अनुरोध गर्नु भयो । साथै ऋणीहरूको बीमाको कार्य वित्तीय संस्थाले गरिरहेको ब्यहोरा समेत जानकारी दिनु भयो ।

शेयरधनीका प्रतिनिधिले राख्नुभएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका अध्यक्षज्यूले जवाफ दिनुभएपछि छलफलको क्रम समाप्त भएको कम्पनी सचिवले सभामा जानकारी गराउनुभयो ।

## ९. सभाका निर्णयहरू :

आजको सभामा शेयरधनी महानुभावहरूले दिनुभएको अमूल्य सुझाव, सल्लाहलाई संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पूर्वसूचित प्रस्तावहरूलाई क्रमशः पारित गरिदिन अध्यक्षज्यूले अनुरोध गर्नुभयो । सबै प्रस्तावहरू उपर सभाका शेयरधनीहरूको सर्वसम्मत निर्णयबाट देहायबमोजिम पारित गरियो ।

(क) सामान्य प्रस्तावहरू

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा मिति २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू सर्वसम्मतिले पारित गरियो ।



METRO MICROFINANCE BITTIYA SANSTHA LTD.
Estd. 2069
CORPORATE OFFICE, BATTAR, NUWAKOT

३. आ.व. २०८०/८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिबाट सिफारिस भएबमोजिम श्री जोशी एण्ड भण्डारी, डिल्ली बजार, काठमाडौँलाई नियुक्त गर्ने र निजलाई वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफम लेखापरीक्षण र प्रमाणिकरणवापतको पारिश्रमिक स्वरूप रू. १,०००,०००/- (अक्षरेपी दश लाख मात्र) कर सहित प्रदान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

(ख) विशेष प्रस्तावहरू

१. संस्थाको हालको पूँजी संरचना संस्थापक शेयरधनीको तर्फबाट ६९.४० प्रतिशत र सर्वसाधारण सेयरधनीको तर्फबाट ३०.६० प्रतिशत स्वामित्व रहेकोमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशनको अधीनमा रही पहिलो पटकका लागि अधिकतम १० प्रतिशत बिन्दुसम्म सर्वसाधारण शेयरमा परिवर्तन गर्न सकिने प्रावधान अनुसार हालको चुक्ता पूँजी रू. १ अर्ब ३२ करोडको १० प्रतिशत बिन्दुले हुने रू. १३ करोड २० लाख बराबरको १३ लाख २० हजार कित्ता संस्थापक समूहको सेयर सर्वसाधारण समूहमा परिवर्तन गरी संस्थापकको सेयर स्वामित्व ५९.४० प्रतिशत र सर्वसाधारण सेयर स्वामित्व ४०.६० प्रतिशत कायम हुने प्रक्रिया अगाडि बढाउन श्री नेपाल राष्ट्र बैंकसँग स्वीकृति माग गरिएकोमा श्री नेपाल राष्ट्र बैंकबाट मिति २०८० पौष १८ गतेको पत्र मार्फत स्वीकृती प्राप्त भै सकेको ब्यहोरा साधारण सभामा जानकारी भयो ।

स्वीकृति प्राप्त भएपश्चात संस्थापक शेयर सर्वसाधारण समूहमा परिवर्तन गर्न नचाहनु हुने संस्थापक शेयरधनीहरूका लागि मिति २०८० पौष १९ गतेको कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित भएकोमा हालसम्म कुनै पनि संस्थापकबाट शेयर संरचना परिवर्तन नगर्ने भन्ने निवेदन प्राप्त नभएको ब्यहोरा समेत साधारण सभामा जानकारी भयो । साथै सो ३५ दिनको समयवधि २०८० माघ २४ गते सकिसकेको ब्यहोरा समेत जानकारी भयो ।

श्री नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भै संस्थाले अन्य कानुनी प्रक्रिया पुरा गरी सकेकाले हाल कायम रहेको पूँजी संरचना संस्थापक सेयरधनीको तर्फबाट ६९.४० प्रतिशत र सर्वसाधारण सेयरधनीको तर्फबाट ३०.६० प्रतिशतलाई सेयर स्वामित्व परिवर्तन गरी संस्थापक सेयरधनीको तर्फबाट ५९.४० प्रतिशत र सर्वसाधारण सेयरधनीको तर्फबाट ४०.६० प्रतिशत कायम गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

२. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (ङ) र (च) मा आवश्यक संशोधन गर्ने सम्बन्धी तपसिल बमोजिमको विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो । साथै प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोहीबमोजिम गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय समेत सर्वसम्मतिले गरियो ।

MERO MICROFINANCE BITTIYA SANSTHA LTD. Estd. 2069 CORPORATE OFFICE, BATTAR, NUWAKOT

तपसिल :

प्रबन्धपत्रको प्रस्तावित संशोधनको तीन महले विवरण

| साविक | प्रस्तावित संशोधन | कारण |
|---|---|---|
| ६. वित्तीय संस्थाको पूँजीको संरचना : यस वित्तीय संस्थाको पूँजीको संरचना देहायबमोजिम हुनेछ :–<br><br>(ङ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ६९.४ प्रतिशत हुनेछ ।<br><br>(च) सर्वसाधारणमा बिक्री गरिने शेयर खरीद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३०.६ प्रतिशत हुनेछ । यस समूहको कूल शेयरमध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर वित्तीय संस्थाका कर्मचारीलाई छुट्याई सञ्चालक समितिको निर्णयबमोजिम बिक्री वितरण गर्न सकिनेछ । | ६. वित्तीय संस्थाको पूँजीको संरचना : यस वित्तीय संस्थाको पूँजीको संरचना देहायबमोजिम हुनेछ :–<br><br>(ङ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ५९.४ प्रतिशत हुनेछ ।<br><br>(च) सर्वसाधारणमा बिक्री गरिने शेयर खरीद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४०.६ प्रतिशत हुनेछ । | नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी अन्य कानुनी प्रक्रिया पुरा गरी सकेकाले । |

(ग) विविध

विविध अन्तर्गत यस एघारौं वार्षिक साधारण सभाको निर्णयको आधिकारिकताका लागि सञ्चालक समितिका अध्यक्ष र कम्पनी सचिवले हस्ताक्षर गर्ने निर्णय समेत सर्वसम्मतिले पारित गरियो ।

१०. धन्यवाद ज्ञापन :

यस संस्थाको सञ्चालनमा सहयोग गर्ने श्री नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत विभिन्न संघ-संस्था तथा व्यक्तिहरूलाई धन्यवाद दिने निर्णय गरियो । साथै यस संस्थाको सञ्चालक समितिको सदस्यका हैसियतले आफ्नो कार्यकालमा अतुलनीय योगदान पुऱ्याउनु हुने सम्पूर्ण सदस्य महानुभावहरूलाई समेत धन्यवाद सहित आभार प्रकट गर्ने निर्णय गरियो ।



Estd. 2069

CORPORATE OFFICE, BATTAR, NUWAKOT

११. कम्पनी सचिव श्री रामहरि दाहालले आजको यस एघारौँ वार्षिक साधारण सभामा समावेश विषयसूची अन्तर्गतका सम्पूर्ण विषयहरू समाप्त भएको ब्यहोरा जानकारी गराउनु हुँदै आजको यस साधारण सभा समापन गरिदिनको लागि अध्यक्ष एवं सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

१२. विषयसूचीमा रहेका सम्पूर्ण कार्यक्रमहरू समाप्त भएको जानकारी प्राप्त भएपश्चात् अध्यक्षज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उहाँहरूको अमूल्य सुझाव तथा सल्लाहको लागि धन्यवाद दिनुभयो । त्यसैगरी आजको यस एघारौँ वार्षिक साधारण सभा शान्ति एवं सौहार्दपूर्ण वातावरणमा सरल किसिमबाट सम्पन्न गर्न सहयोग पुऱ्याउने सम्पूर्ण शेयरधनी, श्री नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक, विभिन्न संघ-संस्थाका प्रतिनिधिहरू, नेपाल प्रहरी, पत्रकार महानुभावहरू, संस्थाका सञ्चालकहरू र सम्पूर्ण कर्मचारीहरू लगायत यस सभाहल उपलब्ध गराई सहयोग गर्ने सिद्धार्थ होटल वाटर टावर, विदुर -४, बट्टार, नुवाकोटलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस एघारौँ वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

MERO MICROFINANCE BITTIYA SANSTHA LTD. Estd. 2069 CORPORATE OFFICE, BATTAR, NUWAKOT

| | |
|---|---|
| श्री रामहरि दाहाल | श्री सुमित बाबु खत्री |
| कम्पनी सचिव | अध्यक्ष |

सभा सम्पन्न मिति : २०८० माघ २६ गते शुक्रबार, तदनुसार फेब्रुअरी ९, २०२४ ।